**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

**<u>माननीय ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानको नेपाल भ्रमण (२०८१ चैत्र २६-२८)</u>**

२०८१ चैत्र २७

भारतका माननीय ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहान मिति २०८१ चैत्र २७ गते नेपालद्वारा काठमाडौंमा आयोजना गरिएको तेस्रो बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) कृषि मन्त्रीस्तरीय बैठक (तेस्रो बिएएमएम) मा सहभागिता जनाउनको लागि मिति २०८१ चैत्र २६-२८ सम्म नेपालको औपचारिक भ्रमणमा रहनुभएको छ।

२. विगत एक दशकमा बंगालको खाडी क्षेत्रमा क्षेत्रीय विकास, कनेक्टिभिटी र आर्थिक समुन्नतिलाई प्रवर्द्धन गर्ने बिम्स्टेक एक महत्वपूर्ण मञ्चको रूपमा उदय भएको छ। "कृषि र खाद्य सुरक्षा" बिम्स्टेक सहयोगको मुख्य क्षेत्रहरू मध्यको एक हो। क्षेत्रीय कृषि सहयोगलाई आकार दिन सर्वोच्च निर्णय लिने निकायको रुपमा रहेको बिएएमएमको यो तेस्रो बैठक थियो। बिएएमएमको पहिलो बैठक मिति २०७६ असार २७ गते म्यानमारमा भएको थियो र त्यसपछिको दोस्रो बिएएमएमको बैठक मिति २०७९ कात्तिक २४ गते भारतमा सम्पन्न भएको थियो। तेस्रो बिएएमएमको समयमा कृषि मन्त्रीहरूले मत्स्यपालन र पशुपन्छी सहयोग सहित बिम्स्टेक कृषि क्षेत्रमा थप गति प्रदान गर्ने तरिका र माध्यमहरूमा छलफल गर्नुभयो।

३. भ्रमणको क्रममा मिति २०८१ चैत्र २७ गते भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्रीले आफ्ना समकक्षी नेपालका कृषि तथा पशुपन्छी विकास मन्त्रीसँग द्विपक्षीय बैठक पनि गर्नुभयो। वहाँले तेस्रो बिएएमएमको बैठक सफलतापूर्वक आयोजना गरेकोमा आफ्ना समकक्षीलाई बधाई दिनुभयो। दुवै मन्त्रीहरूले कृषि क्षेत्रमा गरिएका विभिन्न द्विपक्षीय पहल र विकास परियोजनाहरूमा भएको प्रगतिको समीक्षा गर्नुभयो र थप सहकार्यका लागि हुन सक्ने अवसरहरूबारे छलफल गर्नुभयो।

४. भारत सरकारको कृषि तथा किसान कल्याण मन्त्रालय र नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्रमा दुवै मन्त्रीहरूले मिति २०८१ चैत्र २७ गते

काठमाडौंमा हस्ताक्षर गर्नुभयो। उक्त सम्झौताले दुई देशबीच कृषि विज्ञान तथा प्रविधि, कृषि उत्पादन, बाली उत्पादन, कृषि व्यापार तथा बजारीकरण, बिरुवा संरक्षण र बजार पहुँच, बागवानी, एकीकृत कृषि प्रणाली, लघु सिँचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, जैविक खेती, जैविक मल र जैविक विषादी, पोष्टहार्भेष्टको व्यवस्थापन, जलवायु उत्थानशीलता र दिगो कृषि जस्ता क्षेत्रमा सहयोग प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यस सम्झौताले मिति २०४८ मंसिर २० गते कृषि सहयोगका लागि दुई देशबीच हस्ताक्षर गरिएको समझदारीपत्रलाई प्रतिस्थापन गरेको छ।

५. भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्रीले मिति २०८१ चैत्र २७ गते नेपालका प्रधानमन्त्री महामहिम श्री के.पी. शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो। वहाँले भारतको नेतृत्वको तर्फबाट अभिवादन व्यक्त गर्नुभयो र भारत र नेपालबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको बारेमा छलफल गर्नुभयो जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत र जनता-जनताबीचको सम्बन्धमा गहिरो जरा गाडेको छ। कृषिका विभिन्न क्षेत्रहरूमा भारत-नेपाल सहयोगलाई थप सुदृढ पार्ने तरिकाहरूबारे पनि छलफल भएको थियो।

६. तेस्रो बिएएमएममा सहभागिता जनाउन तथा अन्य प्रमुख द्विपक्षीय भेटघाटहरू गर्न भारतका माननीय ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्रीको नेपाल भ्रमणले दुई देशहरूबीच हुने नियमित उच्च-स्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको छ। यसले विशेष गरी कृषि र सम्बन्धित क्षेत्रहरूमा हाम्रो द्विपक्षीय र क्षेत्रीय सम्बन्धलाई थप बढावा दिन मद्दत गरेको छ।

**काठमाडौं**

**२०८१ चैत्र २७**